# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०६।१३ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी पवन सुबेदीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाटः-

यातायात व्यवस्था कार्यालय ,भेरी,नेपालगन्जबाट आ.व.२०७३/०७४ मा संचालित दुई पाङ्ग्रे सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षणमा खटिएका कर्मचारीहरुले उत्तरपुस्तिका परीक्षणमा अनुत्तीर्ण भएका ४७१७ जना परीक्षार्थीहरुलाई उत्तीर्ण गराई नतिजा फेरबदल हुनेगरी उत्तरपुस्तिका परीक्षण गरेको पुष्टि हुन आएकोले प्रतिवादीहरु **यातायात व्यवस्था कार्यालय, भेरी, नेपालगन्जका तत्कालीन कार्यालय प्रमुख तथा परिक्षा समितिको अध्यक्ष पवन सुबेदी, तत्कालीन शाखा अधिकृत हरु सिताराम खनाल, डेकराज पोखरेल र ध्रुवप्रसाद देवकोटा, नायब सुब्बा ललित बहादुर वली, नायब सुब्बा सतानन्द उपाध्याय (न्यौपाने), नायब सुब्बा डिलाराम खरेल,नायब सुब्बा केशबराज डाँगी, नायब सुब्बा हुतराज पौडेल,नायब सुब्बा अरुण कुमार गौतम, नायब सुब्बा धर्मदत्त चौलागाई, नायब सुब्बा ओम बहादुर बस्नेत, नायब सुब्बा गणेशमान आचार्य, टा.नायब सुब्बा सावित्री पौडेल, खरिदार चन्द्रमणी नेपाली, खरिदार केशर कुमार चपाई, हलुका सबारी चालक ध्रुवराज अर्याल, प्रहरी सहायक निरिक्षक प्रकाश पुन मगर र प्रहरी जबान ओम प्रसाद देबकोटा**को उक्त कार्य भ्रष्टाचार निबारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसूरजन्य कार्य गरेको हुँदा प्रतिवादीहरुलाई भ्रष्टाचार निबारण ऐन, २०५९ को दफा १३ बमोजिम सजाय हुन मागदावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।१०।२४ को फैसलाबाट निम्न आधारमा सफाई दिएको-:

- भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १३ ले निषेध गरेको परीक्षाको परिणाम फेरबदल गर्ने वा गर्न लगाउने कार्य हुनको लागि सो कार्य हुनुभन्दा पूर्व परीक्षाको परिणाम आईसकेको हुनुपर्छ।उत्तरपुस्तिका रुजु गर्ने कार्य बाँकी रही परीक्षाको परिणाम आउने प्रक्रियामा रहेको अवस्थामा उतीर्णाङ्क प्राप्त नगरेका विद्यार्थीहरुलाई उतीर्णाङ्क प्रदान गरिएको भन्न मिल्दैन,
- उत्तरपुस्तिका परीक्षण गर्दा उतीर्णाङ्क प्राप्त नगरेका परीक्षार्थीहरुलाई उत्तीर्णाङ्क प्रदान गर्ने कार्यलाई भ्रष्टाचार निवारण ऐन,२०५९ ले कसूरजन्य कार्य मानेको पाईदैन।कानूनले नै कसूर नमानेको कार्यलाई कसूरजन्य कार्य भनी गरिएको अभियोग दावी कानूनसम्मत देखिन नआएको,
- प्रस्तुत मुद्दाको तथ्यगत अध्ययनबाट उत्तरपुस्तिका पूर्ण रुपमा परीक्षण हुने कार्य बाँकी नै रहेको देखिएको।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०६।१३ मा पुनरावेदन गरिएको छः-

**देहायः**

- यातायात व्यवस्था कार्यालय भेरी अञ्चल, नेपालगञ्जबाट आ.व.२०७३।०७४ मा सञ्चालित दुईपाङ्ग्रे सवारी चालक अनुमतिपत्रको लिखित परीक्षामा अनियमितता गरेको विषयमा अनुगमन गरी यातायात ब्यबस्था बिभागमा पेश भएको प्रतिवेदनबाट यातायात व्यवस्था कार्यालय भेरी, नेपालगञ्जले २०७३ भदौ महिनामा आव्हान गरेको सूचना वमोजिम दुईपाङ्ग्रे तथा चारपाङ्ग्रे सवारी साधन तर्फको लिखित परीक्षाको २९ थान नमूना हेर्दा उत्तरकुञ्जिका केरमेट भएकोलाई पनि निर्देशन विपरीत मान्यता दिएको, खण्ड 'क' का प्रश्नमा केही नलेखेका/नमिलाएकालाई पनि उत्तीर्ण गराएको, उत्तीर्णाङ्क प्राप्त नगरेकालाई पनि लिखित परीक्षा पास गराएको,

उत्तरपुस्तिका परीक्षण गर्ने पदाधिकारीको नाम थर, ओहोदा, हस्ताक्षर आदिको पूर्ण विवरण नरहेको, जसले गर्दा परीक्षकको पहिचान नै हुन नसकेको, परीक्षण नै नभएको परीक्षार्थीलाई पनि उत्तीर्ण हुनेको नामावलीमा राखिएको, उत्तरपुस्तिका परीक्षण नै नगरी पास (Pass) लेखिएको, वहु वैकल्पिक उत्तर कोठाहरुमा एउटै प्रश्नको धेरै उत्तर कोठामा ठीक (√) चिन्ह भएकालाई पनि पास गराएको भन्ने उल्लेख भएको देखिदा यातायात व्यवस्था कार्यालय,भेरी,नेपालगन्जका तत्कालीन कार्यालय प्रमुख तथा परीक्षा समितिको अध्यक्ष प्रतिवादी पबन सुबेदीको प्रत्यक्ष संलग्नता एवं निर्देशनमा प्रारम्भबाटै सवारी चालक अनुमतिपत्रको वितरणमा अनियमितता गरी आफूहरुलाई गैरकानूनी लाभ लिई तोकिएको मापदण्ड विपरीत सवारी चालक अनुमति पत्रको लिखित परीक्षाबाटै बदनियत राखेर कार्य गरिरहेको तथ्यगत रुपमा पुष्टि भएकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुलाई मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।

- लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षणबाट दुईपाङ्ग्रे (A) वर्गको सवारी चालक अनुमतिपत्रको लिखित परीक्षामा २१,२०० जना परीक्षार्थी सहभागी भएका मध्ये यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगञ्जका शाखा अधिकृत सिताराम खनाल समेतको टोलीले उत्तरपुस्तिका परीक्षणमा उत्तीर्ण गराएको तर यातायात व्यवस्था विभागको पत्रादेशानुसार खटी गएको यातायात व्यवस्था कार्यालय (सवारी) लुम्बिनी अञ्चल, बुटवलका तत्कालीन प्रमुख समेतको टोलीले पुनःपरीक्षण गर्दा उत्तीर्ण भएका मध्येका ४७१७ जना अनुत्तीर्ण भएको लिखित परीक्षाको सक्क्लै उत्तरपुस्तिबाट देखिएकोमा यत्रो संख्यामा कैफियत देखिनुले प्रतिवादीहरुको बदनियत रहेको प्रष्ट देखिएकोले प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी रहेको।
- प्रतिवादी पवन सुवेदीको बयान अनुसार कार्यालय प्रमुख परीक्षा समितिको सदस्य समेत रहने र कार्यालयको काम सुचारु रुपले सञ्चालन गर्न परीक्षा समितिको अध्यक्षको नाताले कर्मचारीहरुलाई खटाउन सक्ने व्यवस्था वमोजिम समितिको निर्णय नगरी मौखिक रुपमा पनि खटाएको हुँ। उत्तरपुस्तिका परीक्षण गर्ने पदाधिकारीहरुले प्रत्येक उत्तरपुस्तिकामा स्पष्ट बुझिनेगरी प्रत्येक कपीमा सहिछाप गर्नुपर्दछ। के कति कारणले अस्पष्ट सही गरेको र सही गर्न छुट गरेको हो थाहा हुन सकेन।परीक्षणमा सहभागी हुने अधिकृत लगायत अन्य कर्मचारीहरुलाई मौखिकरुपमा निर्देशन दिनेसम्म कार्य गरेको हुँ।उत्तरपुस्तिकामा मसि र अक्षर के कति कारणले फरक पर्‍यो थाहा हुन सकेन भन्ने समेत वेहोरा उल्लेख गरी बयान गरेबाट समितिको निर्णयानुसार जिम्मेवारी तोकी कार्य गर्दा आधिकारीक रेकर्ड रहने भई मौखिक आदेशानुसार कर्मचारीहरुलाई जिम्मवारी तोकिनु, कार्यालय प्रमुखको जिम्मेवारी तथा उत्तरदायित्व प्रति सचेत नरही गैरजिम्मेवारीपूर्ण कथन लेखाउनुले निज प्रतिवादीको अन्य प्रतिवादीहरुसंग मिलेमतो गरी गैरकानूनी कार्य गर्ने बदनियत रहेको स्वतः पुष्टि भईरहेको।सवारी चालक अनुमतिपत्रको प्रारम्भिक परीक्षा भनेको लिखित परीक्षा भएको र लिखित परीक्षामा सफल आवेदक नै प्रयोगात्मक परीक्षामा सहभागी हुन पाउने र सवारीचालक अनुमति पत्र प्राप्त गर्ने विधि प्रक्रिया अनुरुप यी प्रतिवादीहरुले योजनाबद्द रुपमा आफूहरुलाई गैरकानूनी लाभ प्राप्तिको लागि सवारीचालक अनुमतिपत्रको लागि लिखित परीक्षाबाटै परीक्षाको नतिजा फेरबदल गरेको मिसिल कागजातहरुवाट स्पष्ट हुँदाहुदै यथार्थ र वास्तिवक तथ्यलाई अनदेखा गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।
- मौकामा कागज गर्ने नन्द किशोर पासीले आफ्नो वेहोरामा उत्तरपुस्तिकामा भएको सहि मेरै हो तर उक्त उत्तरपुस्तिकाको खण्ड क को २ नं.मा लेखिएको उत्तर मैले लेखेको होइन को कस्ले लेखिदिए मलाई थाहा छैन।परीक्षामा पास भएर सवारी चालक अनुमतिपत्र पाएपछि पैसा दिनु पर्ने कुरा थियो भनि कागज गरेको देखिन्छ।यसैगरी श्याम किशोर चौधरी, शिवम् प्रसाद गुप्ता, जित बहादुर सिंजाली समेतले अनुसन्धानमा गरेको मौकाको कागज समर्थन गरी अदालतमा बकपत्र गरे समेतबाट यातायात व्यवस्था कार्यालय,भेरी,नेपालगन्जका तत्कालीन कार्यालय प्रमुख तथा परीक्षा समितिको अध्यक्ष पबन सुबेदीको प्रत्यक्ष संलग्नता एवं निर्देशनमा सो कार्यालयमा कार्यरत प्रतिवादीहरु तथा अन्य विचौलियाहरुको मिलेमतो र संलग्नतामा सवारी चालक

अनुमतिपत्रको लिखित परीक्षाको परिणाम फेरबदल गरी  भ्रष्टाचार गरेको पुष्टि भएकोमा सो तर्फ न्यायिक व्याख्या, विवेचना र विश्लेषण नगरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।

- परीक्षकहरु शाखा अधिकृत ध्रुबप्रसाद देबकोटा,नायब सुब्बा ललित बहादुर बलि,नायब सुब्बा केशबराज डाँगी र नायब सुब्बा हुतराज पौडेलले क्रमशः तालिका नं.८,तालिका नं.१९,तालिका नं.४ र तालिका नं.२ मा उल्लेख भएका परिणाम फेरबदल गरिएका उत्तरपुस्तिकाहरुको सनाखत गरी मैले नै परीक्षण गरेको हो भनि निजहरुले स्वीकार गरेको हुँदा निजहरुले अनुउत्तिर्ण भएका परीक्षार्थीहरुको नतिजा फेरबदल गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिएको हुदाँ निजहरुले परीक्षामा अनुउत्तिर्ण भएका परीक्षार्थीहरुको नतिजा फेरबदल गरेको तथ्यगत सबूद प्रमाणहरुबाट पुष्टि भै भ्रष्टाचार जन्य कसूर गरेको देखिएबाट निज प्रतिवादीहरु समेतलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी रहेको।
- तत्कालीन नायब सुब्बा सतानन्द उपाध्याय (न्यौपाने), नायब सुब्बा अरुण कुमार गौतम, नायब सुब्बा धर्मदत्त चौलागाई, नायब सुब्बा डिलाराम खरेल, नायब सुब्बा ओम बहादुर बस्नेत, नायब सुब्बा गणेशमान आचार्य, टा. नायब सुब्बा सावित्री पौडेल, खरिदार चन्द्रमणी नेपाली,खरिदार केशर कुमार चपाई, हलुका सबारी चालक ध्रुवराज अर्याल,प्र.स.नि.प्रकाश पुन मगर र प्र.ज.ओम प्रसाद देबकोटले क्रमशःतालिका नं.१३, तालिका नं.५, तालिका नं.७, तालिका नं.१६, तालिका नं.९, तालिका नं.६, तालिका नं.१०, तालिका नं.११, तालिका नं.१४, तालिका नं.१७, तालिका नं.१५र तालिका नं.१८ मा उल्लेख भएका परिणाम फेरबदल गरिएका उत्तरपुस्तिकाहरुको सनाखत गरी मैले नै परीक्षण गरेको हो भनि निजहरुले स्बिकार गरेकाले निजहरुले अनुउत्तिर्ण भएका परीक्षार्थीहरुको नतिजा फेरबदल गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिएको हुदाँ निजहरुले परीक्षामा अनुउत्तिर्ण भएका परीक्षार्थीहरुको नतिजा फेरबदल गरी भ्रष्टाचारजन्य कसूर गरेको प्रष्ट हुँदाहुदै निज प्रतिवादीहरु समेतलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया

## देहायः

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **पवन सुवेदी समेत-१९ जना** (वि.अ. को( मुद्दा नं. ०७७-CR-००११० वि.अ. को फैसला मिति २०८०।१०।२४ | सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको। | यातायात व्यवस्था कार्यालय,भेरी,नेपालगन्जबाट आ.व.२०७३/०७४ मा संचालित दुई पाङ्ग्रे सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षणमा खटिएका विरुद्ध खण्डमा उल्लिखित राष्ट्रसेवक कर्मचारीहरुले प्रचलित ऐन, नियम तथा निर्देशिकाको वर्खिलाप गरी परीक्षाको मूल्य, मान्यता र सिद्धान्त विपरित गैर जिम्मेवार तरिकाले बदनियतपुर्वक उत्तरपुस्तिका परीक्षण जस्तो संवेदनशिल विषयमा उत्तरपुस्तिका परीक्षणमा अनुत्तीर्ण भएका ४७१७ जना परीक्षार्थीहरुलाई उत्तीर्ण गराई नतिजा फेरबदल हुनेगरी उत्तरपुस्तिका परीक्षण गरेको स-प्रमाण पुष्टि हुन आएकोले यातायात व्यवस्था कार्यालय,भेरी,नेपालगन्जका तत्कालीन कार्यालय प्रमुख तथा परिक्षा समितिको अध्यक्ष पबन सुबेदी, तत्कालीन शाखा अधिकृत हरु सिताराम खनाल, डेकराज पोखरेल र ध्रुवप्रसाद देवकोटा, नायब सुब्बा ललित बहादुर वली, नायब सुब्बा सतानन्द उपाध्याय (न्यौपाने), नायब सुब्बा डिलाराम खरेल,नायब सुब्बा केशबराज डाँगी, नायब सुब्बा हुतराज पौडेल,नायब सुब्बा अरुण कुमार गौतम, नायब सुब्बा धर्मदत्त चौलागाई, नायब सुब्बा ओम बहादुर बस्नेत, नायब सुब्बा गणेशमान आचार्य,टा.नायब सुब्बा सावित्री पौडेल, खरिदार चन्द्रमणी नेपाली,खरिदार केशर कुमार चपाई,हलुका सबारी चालक ध्रुवराज अर्याल,प्रहरी सहायक निरिक्षक प्रकाश पुन मगर र प्रहरी जबान ओम प्रसाद देबकोटाको उक्त | **१. फैसलाः**<br>आरोपित कसूरबाट सफाई पाउने ठहर गरी फैसला भएको ।<br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एबं आधारहरु :**<br>क) भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १३ ले निषेध गरेको परीक्षाको परिणाम फेरबदल गर्ने वा गर्न लगाउने कार्य हुनको लागि सो कार्य हुनुभन्दा पूर्व परीक्षाको परिणाम आईसकेको हुनुपर्छ। उत्तरपुस्तिका रुजु गर्ने कार्य बाँकी रही परीक्षाको परिणाम आउने प्रक्रियामा रहेको अवस्थामा उतीर्णाङ्क प्राप्त नगरेका विद्यार्थीहरुलाई उतीर्णाङ्क प्रदान गरिएको भन्न मिल्दैन।<br>ख) उत्तरपुस्तिका परीक्षण गर्दा उतीर्णाङ्क प्राप्त नगरेका परीक्षार्थीहरुलाई उत्तीर्णाङ्क प्रदान गर्ने कार्यलाई भ्रष्टाचार निवारण ऐन,२०५९ ले कसूरजन्य कार्य मानेको पाईदैन। कानूनले नै कसूर नमानेको कार्यलाई कसूरजन्य कार्य भनी गरिएको अभियोग दावी कानूनसम्मत देखिन नआएको। | क) यातायात व्यवस्था कार्यालय भेरी अञ्चल, नेपालगञ्जबाट आ.व.२०७३।०७४ मा सञ्चालित दुईपाङ्ग्रे सवारी चालक अनुमतिपत्रको लिखित परीक्षामा अनियमितता गरेको विषयमा अनुगमन गर्न गएका यातायात व्यवस्था विभागका निर्देशक तुल्सीराम अर्याल र शाखा अधिकृत धनेश्वर पौडेलबाट मिति २०७३।१२।०७ मा अनुगमन गरी ऐ.८ गते यातायात ब्यबस्था बिभागमा प्रतिवेदन पेश भएको र सो प्रतिवेदनबाट यातायात व्यवस्था कार्यालय भेरी, नेपालगञ्जले २०७३ भदौ महिनामा आव्हान गरेको सूचना वमोजिम दुईपाङ्ग्रे तथा चारपाङ्ग्रे सवारी साधन तर्फको लिखित परीक्षाको 29 थान नमूना हेर्दा उत्तरकुञ्जिका केरमेट भएकोलाई पनि निर्देशन विपरीत मान्यता दिएको, खण्ड ‘क’ का प्रश्नमा केही नलेखेका/नमिलाएकालाई पनि उत्तीर्ण गराएको, उत्तीर्णाङ्क प्राप्त नगरेकालाई पनि लिखित परीक्षा पास गराएको, उत्तरपुस्तिका परीक्षण गर्ने पदाधिकारीको नाम थर, ओहोदा, हस्ताक्षर आदिको पूर्ण विवरण नरहेको, जसले गर्दा परीक्षकको पहिचान नै हुन नसकेको, उत्तरपुस्तिकाका नमूनाहरुमा पूनः परीक्षण पनि गराएको नपाईएको। उत्तरपुस्तिका परीक्षण नै नभएको परीक्षार्थीलाई पनि उत्तीर्ण हुनेको नामावलीमा राखिएको, उत्तरपुस्तिका परीक्षण नै नगरी पास (Pass) लेखिएको, वहु वैकल्पिक उत्तर कोठाहरुमा एउटै प्रश्नको धेरै उत्तर कोठामा ठीक (v) चिन्ह भएकालाई पनि पास गराएको भन्ने उल्लेख भएको देखिदा यातायात व्यवस्था कार्यालय,भेरी,नेपालगन्जका तत्कालीन कार्यालय प्रमुख तथा परीक्षा समितिको अध्यक्ष प्रतिवादी पबन सुबेदीको प्रत्यक्ष संलग्नता एवं निर्देशनमा प्रारम्भबाटै सवारी चालक अनुमतिपत्रको वितरणमा अनियमितता गरी आफूहरुलाई गैर कानूनी लाभ लिई तोकिएको मापदण्ड विपरीत सवारी चालक अनुमति पत्रको लिखित परीक्षाबाटै बदनियत राखेर कार्य गरिरहेको तथ्यगत रुपमा पुष्टि भएकोमा मिसिल संलग्न तथ्य प्रमाणहरुलाई मूल्याङ्कन नगरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>ख) यातायात व्यवस्था कार्यालय भेरी अञ्चल, नेपालगञ्जबाट सञ्चालित लिखित परीक्षाका उत्तरपुस्तिकाहरुको परीक्षण, पुनःपरीक्षण र नतिजा प्रकाशन गरी सो को प्रतिवेदन समेत पेश गर्ने गरी मिति २०७३।१२।१० मा यातायात व्यवस्था कार्यालय लुम्विनी अञ्चल (सवारी), बुटवल कार्यालयका तत्कालीन कार्यालय प्रमुख उप सचिव चेत प्रसाद उप्रेतीको संयोजकत्वमा ८ सदस्यीय टोली गठन गर्ने निर्णय भई उक्त टोलीले लिखित परीक्षा संचालन गर्दा यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगञ्जको परीक्षणकर्ताले उत्तीर्ण गराएका तर यातायात व्यवस्था कार्यालय (सवारी) लुम्विनी अञ्चल, बुटवलका तत्कालीन प्रमुख चेतप्रसाद उप्रेती समेतको टोलीले पुनःपरीक्षण गर्दा अनुत्तीर्ण भएका ४७१७ थान उत्तर पुस्तिकाहरुमा उत्तरपुस्तिकाको परिणाम फरक पर्ने हिसाबले उत्तरपुस्तिकाहरु सच्याईएको र अनुत्तीर्ण भएको भन्ने जान्दा जान्दै पनि उत्तीर्ण गराएको जस्ता अनियमितताहरु पाईएको भनि प्रतिवेदन पेश गरेकोमा प्रतिवादीहरुले सो प्रतिवेदनलाई अन्यथा भन्न सकेको नदेखिदा निज प्रतिवादीहरुको मिलेमतो र संलग्नतामा भ्रष्टाचारजन्य कसूर भएको प्रष्ट भईरहेकोमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १३ ले निषेध गरेको परीक्षाको परिणाम फेरबदल गर्ने वा गर्न लगाउने कार्य हुनको लागि सो कार्य हुनुभन्दा पूर्व परीक्षाको परिणाम आईसकेको हुनुपर्छ। उत्तरपुस्तिका रुजु गर्ने कार्य बाँकी रही परीक्षाको परिणाम आउने प्रक्रियामा रहेको अवस्थामा उतीर्णाङ्क प्राप्त नगरेका विद्यार्थीहरुलाई उतीर्णाङ्क प्रदान गरिएको भन्न मिल्दैन भनि भ्रष्टाचार निवारण ऐन,२०५९ को गलत ब्याख्या गरी विशेष अदादतबाट भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>ग) परीक्षार्थीहरु लिखित परीक्षामा सहभागी भै उक्त परीक्षाको परीक्षण भईसकेको अवस्थामा परीक्षा परीक्षण गर्ने अधिकारी र पुनः परीक्षण गर्ने अधिकारीको सहि नभएको अबस्था देखिदा प्रतिवादीहरुले बुद्धिमतापूर्ण तवरले कसूजन्य कार्य गरेको र कार्यालय प्रमुख तथा अन्य सम्वन्धित यी आरोपित कर्मचारीकोहरुको मिलेमतोमा कसूर अपराध भएको साथै उक्त कसूर अपराधबाट बच्नको लागि बदनियत रहेको प्रष्ट देखिइरहेकोमा सो तर्फ विशेष अदालतबाट न्यायोचित मूल्याङ्कन गरेको नदेखिदा उक्त फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>घ) लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षणबाट दुईपाङ्ग्रे (A) वर्गको सवारी चालक अनुमतिपत्रको लिखित परीक्षामा २१,२०० जना परीक्षार्थी सहभागी भएका मध्ये यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगञ्जका शाखा अधिकृत सिताराम खनाल समेतको टोलीले उत्तरपुस्तिका परीक्षणमा उत्तीर्ण गराएको तर यातायात व्यवस्था विभागको च.नं.६६५७ मिति २०७३।१२।१० गतेको पत्रादेशानुसार खटी गएको यातायात व्यवस्था कार्यालय (सवारी) लुम्विनी अञ्चल, बुटवलका तत्कालीन प्रमुख चेतप्रसाद उप्रेती समेतको टोलीले पुनःपरीक्षण गर्दा उत्तीर्ण भएका मध्येका ४७१७ जना अनुत्तीर्ण भएको लिखित परीक्षाको सक्क्लै उत्तरपुस्तिबाट देखिएकोमा यत्रो संख्यामा कैफियत देखिनुले प्रतिवादीहरुको बदनियत रहेको प्रष्ट देखिएकोले प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्य भ्रष्टाचार निबारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसूरजन्य कार्य गरेको हुँदा उल्लिखित प्रतिवादीहरुलाई भ्रष्टाचार निबारण ऐन, २०५९ को दफा १३ बमोजिम सजाय हुन मागदाबी लिई विशेष अलालत, काठमाडौंमा आरोप पत्र दायर गरिएकोमा सो अदालतबाट सबै प्रतिवादीहरुलाई आरोप मागदावी रहेको। | ग) प्रस्तुत मुद्दाको तथ्यगत अध्ययनबाट उत्तरपुस्तिका पूर्ण रुपमा परीक्षण हुने कार्य बाँकी नै रहेको देखिएको। | अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेकोले बदरभागी छ।<br>ङ) प्रतिवादी पवन सुवेदीको बयान अनुसार कार्यालय प्रमुख परीक्षा समितिको सदस्य समेत रहने र कार्यालयको काम सुचारुरुपले सञ्चालन गर्न परीक्षा समितिको अध्यक्षको नाताले कर्मचारीहरुलाई खटाउन सक्ने व्यवस्था वमोजिम समितिको निर्णय नगरी मौखिक रुपमा पनि खटाएको हुँ। उत्तरपुस्तिका परीक्षण गर्ने पदाधिकारीहरुले प्रत्येक उत्तरपुस्तिकामा स्पष्ट बुझिनेगरी प्रत्येक कपीमा सहिछाप गर्नुपर्दछ। के कति कारणले अस्पष्ट सही गरेको र सही गर्न छुट गरेको हो थाहा हुन सकेन। परीक्षणमा सहभागी हुने अधिकृत लगायत अन्य कर्मचारीहरुलाई मौखिकरुपमा निर्देशन दिनेसम्म कार्य गरेको हुँ।उत्तरपुस्तिकामा मसि र अक्षर के कति कारणले फरक पर्‍यो थाहा हुन सकेन भन्ने समेत वेहोरा उल्लेख गरी बयान गरेबाट समितिको निर्णयानुसार जिम्मेवारी तोकी कार्य गर्दा आधिकारीक रेकर्ड रहने भई मौखिक आदेशानुसार कर्मचारीहरुलाई जिम्मवारी तोकिनु, कार्यालय प्रमुखको जिम्मेवारी तथा उत्तरदायित्व प्रति सचेत नरहि गैरजिम्मेवारीपूर्ण कथन लेखाउनुले निज प्रतिवादीको अन्य प्रतिवादीहरुसंग मिलेमतो गरी गैरकानूनी कार्य गर्ने बदनियत रहेको स्वतः पुष्टि भईरहेको छ।यसरी सम्पूर्ण प्रतिवादीहरुको मिलेमतो र संलग्नतामा सवारी चालक अनुमतिपत्रको प्रारम्भिक परीक्षा भनेको लिखित परीक्षा भएको र लिखित परीक्षामा सफल आवेदक नै प्रयोगात्मक परीक्षामा सहभागी हुन पाउने र सवारीचालक अनुमति पत्र प्राप्त गर्ने विधि प्रक्रिया अनुरुप यी प्रतिवादीहरुले योजनाबद्द रुपमा आफूहरुलाई गैरकानूनी लाभ प्राप्तिको लागि सवारीचालक अनुमतिपत्रको लागि लिखित परीक्षाबाटै परीक्षाको नतिजा फेरबदल गरेको मिसिल कागजातहरुवाट स्पष्ट हुँदाहुदै यथार्थ र वास्तिवक तथ्यलाई अनदेखा गरी विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>च) मौकामा कागज गर्ने नन्द किशोर पासीले आफ्नो वेहोरामा उत्तरपुस्तिकामा भएको सहि मेरै हो तर उक्त उत्तरपुस्तिकाको खण्ड क को २ नं.मा लेखिएको उत्तर मैले लेखेको होइन को कस्ले लेखिदिए मलाई थाहा छैन। परीक्षामा पास भएर सवारी चालक अनुमतिपत्र पाएपछि पैसा दिनु पर्ने कुरा थियो भनि कागज गरेको देखिन्छ।यसैगरी श्याम किशोर चौधरी,शिवम् प्रसाद गुप्ता, जित बहादुर सिंजाली समेतले अनुसन्धानमा गरेको मौकाको कागज समर्थन गरी अदालतमा बकपत्र गरे समेतबाट यातायात व्यवस्था कार्यालय,भेरी,नेपालगन्जका तत्कालीन कार्यालय प्रमुख तथा परीक्षा समितिको अध्यक्ष पवन सुबेदीको प्रत्यक्ष संलग्नता एवं निर्देशनमा सो कार्यालयमा कार्यरत विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरु तथा अन्य विचौलियाहरुको मिलेमतो र संलग्नतामा सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको पुष्टि भई यातायात कार्यालय प्रमुख नै लाईसेन्स बिक्रीमा" भन्ने शिर्षकको मिति २०७३।१२।१७ गतेको "कारोबार दैनिक" मा प्रकाशित समाचार समर्थित भएको देखिदा सो तर्फ न्यायिक व्याख्या,विवेचना र विश्लेषण नगरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>छ) यातायात व्यवस्था कार्यालय, भेरी अञ्चल, नेपालगञ्जबाट प्राप्त विवरण अनुसार (A) बर्ग दुईपाङ्ग्रे सवारी चालक अनुमतिपत्रको लागि लिखित परीक्षाको उत्तरपुस्तिका परीक्षण गरी नतिजा प्रकाशन सम्मको कार्यको जिम्मा सो कार्यालयका शा.अ.सिताराम खनाललाई तोकेको परीक्षा समितिको मिति २०७३।४।२४ मा बसेको बैठकको निर्णय नं.४ मा र सोही कार्यालयको च.नं.५८ मिती २०७३/८/२४ को पत्रबाट नतिजा प्रकाशन सम्मको जिम्मेबारी दिएको देखिन्छ।त्यसै गरी निजको अनुपस्तिथिमा शाखा अधिकृत डेकराज पोखरेललाई समेत सोही जिम्मेबारी दिईएको पबन सुबेदीको बयानबाट समेत उल्लेख भएको देखिन्छ।यसको अतिरिक्त सिताराम खनालले तालिका नं. १२ र डेकराज पोखरेलले तालिका नं.३ मा उल्लेख भएका निजहरुले फेललाई पास गराएका उत्तरपुस्तिकाको समेत सनाखत गरी मैले नै परीक्षण गरेको हो भनि स्विकार गरेको देखिएकोले तत्कालीन शाखा अधिकृत द्धय सिताराम खनाल र डेकराज पोखरेल लिखित परीक्षामा अनुउत्तिर्ण भएका परीक्षार्थीहरुको नतिजा फेरबदल गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिएको हुदाँ परीक्षामा अनुउत्तिर्ण भएका परीक्षार्थीहरुको नतिजा फेरबदल गरेको तथ्यगत र बस्तुगत सबूद प्रमाणबाट पुष्टि भएको देखिएकोमा वास्तविक यथार्थतालाई नजरअन्दाज गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण देखिदा खारेज भागी रहेको छ।<br>ज) परीक्षकहरु शाखा अधिकृत ध्रुबप्रसाद देबकोटा,नायब सुब्बा ललित बहादुर बलि,नायब सुब्बा केशबराज डाँगी र नायब सुब्बा हुतराज पौडेलले क्रमशः तालिका नं.८,तालिका नं.१९,तालिका नं.४ र तालिका नं.२ मा उल्लेख भएका परिणाम फेरबदल गरिएका उत्तरपुस्तिकाहरुको सनाखत गरी मैले नै परीक्षण गरेको हो भनि निजहरुले स्वीकार गरेको हुँदा निजहरुले अनुउत्तिर्ण भएका परीक्षार्थीहरुको नतिजा फेरबदल गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिएको हुदाँ निजहरुले परीक्षामा अनुउत्तिर्ण भएका परीक्षार्थीहरुको नतिजा फेरबदल गरेको तथ्यगत सबूद प्रमाणहरुबाट पुष्टि भै भ्रष्टाचार जन्य कसूर गरेको देखिएबाट निज प्रतिवादीहरु समेतलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भै बदरभागी छ।<br>झ) यसैगरी तत्कालीन नायब सुब्बा सतानन्द उपाध्याय (न्यौपाने), नायब सुब्बा अरुण कुमार गौतम, नायब सुब्बा धर्मदत्त चौलागाई, नायब सुब्बा डिलाराम खरेल, नायब सुब्बा ओम बहादुर बस्नेत, नायब सुब्बा गणेशमान आचार्य, टा. नायब सुब्बा सावित्री पौडेल, खरिदार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | चन्द्रमणी नेपाली,खरिदार केशर कुमार चपाई, हलुका सवारी चालक ध्रुवराज अर्याल,प्र.स.नि.प्रकाश पुन मगर र प्र.ज.ओम प्रसाद देबकोटले क्रमशःतालिका नं.१३, तालिका नं.५, तालिका नं.७, तालिका नं.१६, तालिका नं.९, तालिका नं.६, तालिका नं.१०, तालिका नं.११, तालिका नं.१४, तालिका नं.१७, तालिका नं.१५र तालिका नं.१८ मा उल्लेख भएका परिणाम फेरबदल गरिएका उत्तरपुस्तिकाहरुको सनाखत गरी मैले नै परीक्षण गरेको हो भनि निजहरुले स्विकार गरेकाले निजहरुले अनुउत्तिर्ण भएका परीक्षार्थीहरुको नतिजा फेरबदल गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिएको हुदाँ निजहरुले परीक्षामा अनुउत्तिर्ण भएका परीक्षार्थीहरुको नतिजा फेरबदल गरी भ्रष्टाचारजन्य कसूर गरेको प्रष्ट हुँदाहुदै निज प्रतिवादीहरु समेतलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण छ।<br>ञ) आरोपित सम्पूर्ण प्रतिवादीहरुले यो यस्तो कारणले परीक्षाको नतिजा फेरबदल भएको एवं अनुत्तीर्ण भएका ४७१७ जना परीक्षार्थीहरुलाई उत्तीर्ण गरे गराएकोमा भरपर्दो र विश्वासनिय कुरा उल्लेख गरेको देखिन्दैन। यी सबै प्रतिवादीहरुको मिलेमतोमा परीक्षाको नतिजा फेरबदल भएको एवं अनुत्तीर्ण भएका ४७१७ जना परीक्षार्थीहरुलाई उत्तीर्ण गरे गराएकोमा लिखित परीक्षाको नतिजाको सम्पूर्ण कार्य सम्पन्न भई प्रकाशन गर्न मात्र बाँकी रहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले सो संग सम्बन्धित कागजातहरु बरामद भएको अबस्था परिस्थितिको विद्यमानता रहेको एवं समग्र तथ्यगत सबूद प्रमाणहरुबाट आरोपित कसूर पुष्टि भइरहेकोमा उत्तरपुस्तिका पूर्ण रुपमा परीक्षण हुने कार्य बाँकी नै रहेको देखिएको भनि मुद्दाको यथार्थ तथ्य भन्दा अन्यथा व्याख्या गरी सबै प्रतिवादीहरुलाई सफाई दिने गरी विशेष अदालतबाट भएको फैसलामा गम्भिर त्रुटि देखिदा बदरभागी रहेको छ।<br>अतः उल्लिखित आधार, कारणबाट विशेष अदालत काठमाडौंबाट मिसिल संलग्न तथ्य प्रमाणहरुको न्यायिक मुल्याङकन नगरी सबै प्रतिवादीहरु पबन सुबेदी, सिताराम खनाल, डेकराज पोखरेल र ध्रुवप्रसाद देवकोटा, ललित बहादुर वली, सतानन्द उपाध्याय (न्यौपाने), डिलाराम खरेल, केशबराज डाँगी, हुतराज पौडेल, अरुण कुमार गौतम, धर्मदत्त चौलागाई, ओम बहादुर बस्नेत, गणेशमान आचार्य, सावित्री पौडेल, चन्द्रमणी नेपाली, केशर कुमार चपाई, ध्रुवराज अर्याल, प्रकाश पुन मगर र ओम प्रसाद देवकोटालाई आरोपदावी बमोजिमको कसूर ठहर तथा सजाय नगरी भएको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिएकोले सो फैसला बदर गरी निज प्रतिवादीहरुलाई आरोपदावी वमोजिम कसूर ठहर गरी सजाय गरी पाउन। |